पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २३ गते बुधबार ❑ 5 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेश सरकारले स्थापना दिवस मनायो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

गण्डकी प्रदेश सरकारले सातौं स्थापना दिवस मनाएको छ । मंगलबार एक समारोहका बिच प्रदेश सभाको परिसरमा सरकारले आफ्नो स्थापना दिवस मनाएको हो ।

उक्त कार्यक्रको उद्घाटन गर्दै गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले प्रदेश स्थापनाको औचित्य प्रमाणित गर्न थप कसरत गर्नुपर्ने बताउनुभएको छ । गण्डकी प्रदेश सभा र गण्डकी सरकारले सँयुक्त रुपमा आयोजना गरेको समारोहलाई सम्बोधन गर्नुँहुँदै उहाँले प्रदेश स्थापनाको औचित्य प्रमाणित गर्न सरोकारवाला निकायले थप कसरत गर्नुपर्ने धारणा राख्नुभएको हो । उहाँले सो अवसरमा नेपालको संविधान, संवैधानिक कार्यसूची, प्रचलित कानून, संघीयताको मर्म अनुसार नागरिकसामू जिम्मेवार भई काम गर्नुपर्ने उल्लेख गर्दै भन्नुभयो, ' नागरिकसामू जिम्मेवार भई उहाँहरुका अपेक्षा तथा चाहना गण्डकी प्रदेश सभा र गण्डकी प्रदेश सरकारले आ-आफ्ना कार्यक्षेत्रबाट पूर्ण प्रतिबद्ध रहि पूरा गर्न सक्नुपर्छ । त्यसका लागि यस अवसरमा शुभेच्छा प्रकट गर्दछु ।' प्रदेश प्रमुख भट्टले गण्डकी प्रदेश सभा र गण्डकी प्रदेश सरकारबीच सामाजिक, सांस्कृतिक, आर्थिक, न्यायोचित तथा समतामूलक विकास एवं सम्बद्ध कानून निर्माण र कार्यान्वयनको विषयमा सहअस्तित्व र समन्वयका आधारमा सहकार्य हुन आवश्यक रहेको बताउनुभयो ।




उहाँले गण्डकी प्रदेशको स्थापनाकालबाट हालसम्म हाँसिल गरेका उपलब्धिहरू प्रशंसनीय रहेको बताउनुहुँदैं थप उपलब्धि हाँसिल गर्न अझ प्रतिबद्ध भएर लाग्नुपर्ने बताउनुभयो । 'प्रदेशको स्थापनाकालबाट हालसम्म हाँसिल गरेका महत्वपूर्ण उपलब्धिहरू प्रशंसनीय छ यद्यपी थप उपलब्धिका लागि प्रतिबद्धता र अठोट गर्न आजको दिन (स्थापनका दिवस) महत्वपूर्ण र ऐतिहासिक रहेको छ', उहाँले भन्नुभयो । प्रदेश प्रमुख भट्टले प्रदेश स्थापनाको औचित्य प्रमाणित गर्न संवैधानिक अधिकार बमोजिम प्राप्त जिम्मेवारी कार्यान्वयनमा संघीय सरकार तथा स्थानीय तहसँग समन्वय गर्नुपर्ने आवश्यकता रहेको औल्याउनुभयो । 'प्रदेश सभा र प्रदेश सरकार आ-आफ्नो संस्थाको संस्थागत विकासका लागि कानुनी आचारसंहिताको पूर्ण पालना, हालसम्मका अनुभवहरुमध्ये असल अभ्यासको अनुशरण, वित्तीय अनुशासन एवं मितव्ययी हुन र नागरिकहरुलाई छिटो सेवा प्रवाह गर्नुपर्ने आवश्यकता रहेको छ', उहाँले भन्नुभयो ।

प्रदेशले बनाउनु पर्ने कानूनहरु, शान्ति सुरक्षामा सुधार, प्रदेशबाट राष्ट्रिय तहको कूल ग्राहस्थ उत्पादन, उद्यमशिलताको विकास, कृषियोग्य भूमिको चक्लाबन्दी, कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सिर्जना, प्रदेशको राष्ट्रिय प्रति व्यक्ति आयमा वृद्धि, मानव विकास सूचकाङ्क, सरदर आयु, साक्षरता दर लगायतमा वृद्धि गर्नुपर्ने र युवाहरुको विदेश पलायन साथै प्रदेशको बहुआयामिक गरिबीको दर घटाउनुपर्ने अहिलेको आवश्यकता रहेको उहाँको भनाई छ । प्रदेश सरकारका उक्त आवधिक योजनाहरुलाई प्राप्त गर्न कुशल कार्यान्वयन भएको खण्डमा मात्र दिगो विकासको लक्ष्य प्राप्त गर्ने राष्ट्रिय अभियानमा गण्डकी प्रदेश सरकारको योगदानको पुष्टि हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघिय सरकारले अझै पनि समयमै कानूनहरु नवनाएका कारण आफुहरुलाई काम गर्न कठिनायी भएको बताउनु भयो ।

गण्डकी प्रदेशका सभामुख कृष्ण धितालले प्रदेश सरकारको पहिचानको लागि आवश्यक कानून बनाउन अब ढिलाई गर्न नहुने जनाउनुभयो । निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले संविधान निर्माण भएदेखि बिरोध सुरुभएकोलेआवश्यकपरेसंविधान संसोधन गर्दै आम जनाको सेवा प्रवाहमा प्रभावकारी रुपमा सरकारले काम गर्नुपर्ने बताउनु भयो । प्रदेशका प्रमुख प्रतिपक्ष दलका नेता हरिबहादुर चुमानले सरकारले प्रदेशको पहिचान हुने गरी अझै प्रभावकारी ढंगले काम गर्न नसकेको बताउनुभयो । उक्त कार्यक्रममा गण्डकी प्राज्ञ प्रतिष्ठानका कलाकारहरुले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुतः गरेको गण्डकी प्रदेशका प्रेस रजिष्टार बिमला भण्डारीले बताउनु भयो ।

## लामो समयसम्म सत्तागठबन्धन भएमा राजनीतिक स्थायित्व हुन्छः सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

नेपाली काँग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालले लामो समयसम्म काँग्रेस-एमालेबीच सत्तागठबन्धन भएमा राजनीतिक स्थायित्व हुने बताउनु भएको छ ।

काँग्रेसका ७७ वटै जिल्लाका सभापति र प्रशिक्षण विभाग प्रमुखहरुको अभिमुखीकरण कार्यक्रमलाई पोखरामा मंगलबार सम्बोधन गर्दै देउवाले मुलुकको स्थायित्वका लागि प्रतिस्पर्धी पार्टीसँग मिल्नुपरेको दाबी गर्नुभयो । नेपालको संविधान विश्वकै उत्कृष्ट भएको दाबी गर्दै संविधानको प्रयोगमा आएका केही कठिनाइ सम्बोधन गर्न संविधानको संशोधन आवश्यक रहेको उहाँको भनाई थियो । त्यसका निम्ति एमालेसँग सहमति भइसकेको र अन्य दललाई पनि मिलाएर अघि बढ्नुपर्ने सभापति देउवाको भनाई थियो । प्रधानमन्त्री केपी शर्मा ओलीप्रति अविश्वास गर्नुपर्ने कारण नरहेको उहाँले जनाउनुभयो ।

सभापति देउवाले वर्तमान संविधानमा राखिएको संघीय लोकतान्त्रिक व्यवस्था उच्चतम् व्यवस्था भएको प्रस्ट पार्दै समावेशी र समानुपातिक प्रणालीले सबै नागरिकका अधिकार समेटेको उल्लेख गर्नु भयो । काँग्रेसले खुला अर्थनीति ल्याएको र काँग्रेसकै नेतृत्वमा पछिल्लो संविधान जारी भएको बताए । उनले जलवायु परिवर्तनका कारण धेरै समस्या निम्तिएको बताउँदै न्यूनीकरणका लागि सबैजना मिलेर काम गर्नुपर्ने बताउनुभयो । प्रशिक्षण विभाग प्रमुख पूर्णबहादुर खड्काले काँग्रेसले नै संघीयताको नीति ल्याएको दाबी गर्नुभयो । उहाँले संघीयता अझै बलियो बनाएर लैजानुपर्नेमा समेत जोड दिनुभयो । आन्तरिक रुपमा पार्टीका समस्याको समाधान गर्दै जानुपर्छ बताउदै आफूले टिकट पाउँदा ठिक छ र अरुले पाउँदा ठिक छैन भन्न नहुने सुझाव दिनुभयो । सभापति देउवाले कार्यकर्तालाई निराशा बाँड्न नहुने बताउनुभयो ।



नेपाली कांग्रेस केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजना एवं नेपाली कांग्रेस गण्डकी प्रदेशको व्यवस्थापनमा भएको अभिमुखीकरणमा पार्टीको ७७ वटै जिल्लाका सभापति, जिल्लाका प्रशिक्षण शाखा प्रमुख तथा उपसभापति गरी करिब २ सय जनाले भाग लिएका छन् ।

सोमबार काँग्रेसका प्रदेश सभापति तथा प्रदेश प्रशिक्षण विभाग प्रमुखको लागि संगठन र समसामयिक सन्दर्भमा

## माओवादी पार्टीमा जनताको आकर्षण बढेको छ : अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ माघ

पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू नेतृत्वको पार्टीमा पछिल्लो समय जनताको आकर्षण बढेको बताउनुभएको छ ।

बागलुङमा मंगलबार आयोजित स्नेह मिलन कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले १८ महिना सरकारको नेतृत्व गर्दा गरेको कामले जनतामा भरोसा छरेको बताउनुभयो । विगतका कमीकमजोरीलाई समीक्षा गरेर माओवादी केन्द्र अगाडि बढेको हुँदा वडा तहबाटै सङ्गठन राम्रो हुँदै गएको अध्यक्ष दाहालको भनाइ छ ।

पछिल्लो समय सात वटै प्रदेशबाट माओवादी केन्द्रमा आउने नेता तथा कार्यकर्ताको सङ्ख्या ठूलो रहेको भन्दै उहाँले अब पहिलो पार्टी बन्न धेरै समय नलाग्ने दाहालले दाबी गर्नुभयो । पछिल्लो समय माओवादीका लागि ठूलो अवसर आएको भन्दै अध्यक्ष दाहालले सरकारलाई सही बाटोमा ल्याउन विपक्षी दलहरू एक ठाउँमा उभिनुपर्नेमा जोड दिनुभयो । जनस्तरबाटै माओवादी सरकारले गरेका कामको प्रशंसा हुन थालेकाले कार्यकर्ताले राम्रो कामको प्रचार गर्नुपर्नेमा उहाँको जोड छ ।

माओवादीनै परिवर्तनको वाहक भएको स्पष्ट पार्दै अध्यक्ष दाहालले माओवादी सरकारले गरेका सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि र भ्रष्टाचार विरोधका पक्षमा जनताको चासो रहेको हुँदा सङ्गठन निर्माणमा थोरै मेहनत गरे पार्टीलाई पहिलो बनाउन समस्या नहुने बताउनुभयो ।

## कांग्रेसको १५ औँ महाधिवेशन तोकिएकै समयमा हुन्छ : महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
पर्वत, २२ माघ

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको १५औँ महाधिवेशन समयमै हुने बताउनुभएको छ । पर्वतको पैंयू गाउँपालिकास्थित हुवासमा आयोजित नेपाली कांग्रेस पर्वत क्षेत्र 'ख' को प्रथम क्षेत्रीय सम्मेलनमा उहाँले महाधिवेशन विसं २०८२ मङ्सिरभित्रै गर्नुपर्ने व्यवस्थाअनुसार नै हुने बताउनुभयो ।



पछिल्लो समय विसं २०८४ को आम चुनावपछि महाधिवेशन हुने चर्चा चलिरहेको भन्दै महामन्त्री थापाले महाधिवेशनलाई लामो समय गुजार्न नहुने तर्क गर्नुभयो । "तपाईहरू भ्रममा नपर्नुहोला महाधिवेशन निर्धारित समयमै हुन्छ । अधिवेशनअघि पार्टीभित्रका आन्तरिक समस्या समाधान गर्ने गरी काम भइरहेको छ", उहाँले भन्नुभयो ।

महामन्त्री थापाले मुलुकको विकासका लागि कांग्रेस नेतृत्वमा थुप्रै काम भए पनि प्रचार गर्न नसकिएको धारणा राख्नुभयो । उहाँले अबको १० वर्षमा नेपाललाई समृद्ध बनाउने गरी पार्टीले सुशासन, स्थायित्व र विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । महामन्त्री थापाले सरकारले कामको गति बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "सरकारले नियमित काम गरे पनि परिणाम देखिने गरी काम भएको छैन । त्यसैले कार्यशैली सुधार गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ । दुई ठूला दल मिलेर सरकार बनाए पनि जनतालाई आशा जगाउने गरी काम गर्न नसके थप समस्या हुनसक्छ ।" महामन्त्री थापाले संविधानमा रहेका केही उल्झनलाई सच्याएर जानुपर्ने त्यसका लागि सबै दलको सहमतिका लागि पहल गरिनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा कांग्रेका केन्द्रीय सदस्य अर्जुनप्रसाद जोशी, गोबिन्दबहादुर शाह, तरुण दलका केन्द्रीय अध्यक्ष विद्वान गुरुङलगायतले सम्बोधन गर्नुभएको थियो ।

### सडक दुर्घटनाबाट बचौं र बचाऔं

◆ जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
◆ मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
◆ नियमित सवारी साधनको जाँच गरौं,
◆ मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
◆ सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
◆ ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
◆ बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिंड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# राजनीतिकर्मीहरुले खेलकुदबाट अनुशासन सिक्न आवश्यक: गृहमन्त्री लेखक

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

पोखरामा मंगलबारदेखि आठौं विरेन स्मृति १८ औं बिटी कप सेभेन ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ।

'हामी एक हौं' भन्ने नारासहित क्रियाशिल बुद्धटोल युवा क्लबको आयोजनामा पोखराको टुँडिखेल मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन गृहमन्त्री रमेश लेखकले गरे । उद्घाटन खेलमा आयोजक बुद्धटोल युवा क्लबले क्याफे अमेरिकानो बारिष्टा ट्रेनिङ सेन्टरलाई २-० गोल अन्तरले पराजित गर्दै आयोजक दोस्रो चरणमा प्रवेश गरेको क्लबका अध्यक्ष आशिम थापाले जानकारी दिए।

उनका अनुसार बुद्धटोलको जीतमा विपिन मगर र रिनिस तामाङले समान १/१ गोल गरे ।

यस्तै दोस्रो खेलमा एन टु क्याफेले मसिना बगरलाई १-० गोलले पराजित गर्‍यो । एन टु क्याफेको जीतमा विशाल



गुरुङले निर्णायक गोल गरे।

भोलि पनि पहिलो चरणकै खेलहरु सञ्चालन गरिने अध्यक्ष थापाले बताए । युवाहरुलाई खेलकुदमा जोड्न गृहमन्त्री लेखकको जोड प्रतियोगिताको उद्घाटन गर्दै गृहमन्त्री रमेश लेखकले राजनीतिकर्मीहरुले खेलकुदबाट अनुशासन सिक्न आवश्यक रहेको बताए। 'खेलकुदले सबैलाई अनुशासनमा राख्छ । अहिले राजनीतिकर्मीहरुले खेलकुदबाट अनुशासन सिक्न जरुरी देखिएको छ, गृहमन्त्री लेखकले भने, 'खेलकुदले आपसी सद्भाव कायम गर्छ। खेलकुद राष्ट्र र स्वास्थ्यका लागि अनिवार्य छ।' गृहमन्त्री लेखकले अहिले युवाहरु कुलतमा फसिरहेकाले युवा क्लबहरुले जनचेतनामूलक कार्यक्रमहरु अगाडि बढाउन आवश्यक रहेको उल्लेख गरे।

'अहिले युवाहरु लागूऔषधमा फसिरहेका छन् । युवाक्लबहरुले लागूऔषधविरुद्ध जनचेतनामूलक कार्यक्रमहरु अगाडि बढाउन आवश्यक छ, उनले भने, 'युवाहरुलाई लागूऔषधबाट जोगाउन खेलकुद, अध्ययन, समाजसेवासँगै राजनीतिमा जोड्न आवश्यक छ।' बुद्धटोल युवा क्लबको आयोजनामा पोखरामा आजबाट सुरु भएको आठौं विरेन स्मृति एवम् १८ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा ४८ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले १ लाख ८१ हजार १ सय ११ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्ने क्लबका सचिव रेशम सापकोटाले बताए।

उनका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडी, गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ७/७ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रतियोगितामा अनुशासित टिमलाई ९ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# भद्रकाली माविको ७३ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

पोखरा महानगरपालिका वडा नं १३ कुँडहर स्थित भद्रकाली माविको ७३ औ वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम सोमवार सम्पन्न भयो। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले वार्षिकोत्सवको उद्घाटन गर्दै भद्रकाली विद्यालय र क्याम्पस एक रथका दुई पांग्रा जस्तै रहेको चर्चा गरे।

१२ कक्षा सम्म विद्यालयमा अध्ययनपछि क्याम्पस एउटै परिसरमा पढ्न सजिलो वातवरण भएको अध्यक्ष वरालले भने । वडावाट गरिने सहयोगमा कुनै पनि कमि नहुने हुँदा प्रधानाध्यापकले गुणात्मक शिक्षको लागि ढुक्क भएर अगाडि बढ्न वरालले अनुरोध गरे । राजनीति बाहिर राखेर शिक्षकले शुद्ध र निष्पक्ष मनोबलका साथ आफ्नो कर्तव्य पुरा गर्नुपर्नेमा वरालले जोड दिए। विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले विद्यालयका गतिविधि वारे प्रकाश पारे । विद्यालयमा उत्कृष्ट कार्य गरेका शिक्षक तथा कर्मचारीहरु मध्येवाट क्रमश रामप्रसाद आचार्य, कुशल तिमिल्सिना, लक्ष्मी शर्मा अधिकारी, सुमित्रा वराल, मिना श्रेष्ठ, शुष्मा ज्ञवाली र कल्याण कुमार ढेवाजू सम्मानपत्र, उपहारले सम्मान गरियो । त्यसैगरी कार्यक्रममा विद्यार्थीहरुलाई अध्ययन गर्न सजिलोहोस भनि यसैवर्ष अक्षयकोष स्थापना गरेका लोकवहादुर कार्की तथा श्रीमती सरस्वती कार्की, भरत सिग्देल तथा श्रीमती पार्वती सिग्देल, केशवहादुर



विक तथा वुहारी लिला कुमारी विक, हरिप्रसाद आचार्य तथा श्रीमती सावित्री आचार्य र चिरञ्जीवी सिग्देल तथा श्रीमती गृहलक्ष्मी सिग्देललाई सम्मानपत्र र दोसल्लाले सम्मान गरियो । त्यसैगरी विद्यालयमा प्राथमिक उपचार कक्षा निर्माण गर्न सहयोग गर्नु हुने लायन्स क्लव अफ पोखरा दर्पणका पूर्व अध्यक्ष तथा लाग्रान्डी कलेजका प्रिन्सिपल किरण केसी र भद्रकालीमा कक्षा एक देखी १२ कक्षा सम्म अध्ययन पुरा गरी एम बि बि एसमा पूर्ण छात्रवृत्ति प्राप्त गर्न सफल भएकी समिता थापालाई पनि दोसल्ला र सम्मानपत्रले सम्मान गरियो।

कार्यक्रममा नर्सरी देखी कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुले नृत्य प्रस्तुत गरेका थिए । समाजसेवी तथा शिक्षासेवीहरुले स्थापना गरेका अक्षयकोषवाट पनि कार्यक्रममा विद्यार्थीहरुलाई सम्मानपत्र र नगदले सम्मानित भए । विद्यालय व्यवस्थापन समितिका सदस्य भरत सिग्देलले शिक्षक प्रोत्साहन पुरस्कारवाट मिनवहादुर साउदलाई सम्मान गरे। भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष अध्यक्ष लोक वहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली बहुमुखी क्याम्पसका व्यवस्थापन समितिका अध्यक्ष माधवप्रसाद सिग्देल, जग्गादाताको तर्फवाट रामगोपाल ढेवाजू, पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत कृष्णप्रसाद भण्डारी, नेपाल शिक्षक छोरेपाटन माविका प्रधानाध्यापक डिल्लीराम भुषाल, नेपाल शिक्षक महासंघ कास्कीका अध्यक्ष भोलानाथ पौडेल, सम्मानितको तर्फवाट किरण केसी, समिता थापा, अभिभावको तर्फवाट क्रमश देवीप्रसाद सुवेदी र नन्दकेशरी गुरुङ, भूपू विद्यार्थी एशोसिएसनका सदस्य शारदा सिग्देल पराजुली, अभिभावकको तफवाट लक्ष्मण श्रेष्ठ, शिक्षकद्बव उपेन्द्र सुवेदी र शान्ति केसी लगायत वोलेको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष कमल तिवारी र कक्षा ११ विज्ञान संकायमा अध्ययनरत विशाखा महजर्नले स्वागत र विद्यालयका सहायक प्रधानाध्यापक प्रदिप भण्डारीले उपस्थित सबैलाई मन्त्रमुग्ध पारी कार्यक्रम संचालन गरेका थिए।

# साहित्य पर्वका सारथी भण्डारी सम्मानित

शोभाकान्त सिग्देल
पोखरा, २२ माघ

चिल्लो श्याम वर्ण, कालै पाइन्ट, कालै ज्याकेट, पछाडि भिरेको कालै झोला बोक्दै विपी मार्ग वडा १३ हुँदै भद्रकाली मावि सम्म आवत जावत। दैनिक नै यसरी चलिरहेको थियो । दैनिक सँगै साहित्य शब्द जप्दै तर मंसिर महिनाको अन्तिमवाट साहित्य पर्व को चर्चा चल्न थाल्यो वडा नं १३ मा । समय सँगै साहित्य पर्व गर्ने निष्कर्षमा पुग्यो वडा १३ । आयोजकले एक जना साहित्यमा डुब्न सक्ने शिक्षासेवीलाई कार्यक्रम संयोजकको जिम्मेवारी सुम्पियो। वडा नं १३ ले आयोजना गरको पहिलो साहित्य पर्व २०८१ भव्य र सभ्य गर्ने जिम्मा दिएको हो राजेन्द्र भण्डारीलाई । पोखरा १३ निवासी भण्डारी भद्रकाली माविका निवर्तमान प्रधानाध्यापक हुन।

सामाजिक विषयमा आत्मैदेखी आफ्नो शरीरको प्रवाह नगरी समाजका गतिविधिको ज्वलन्त उदाहरण दिएर विद्यार्थीसँग डुब्न सफल शिक्षक हुन भण्डारी । शिक्षा क्षेत्रमा मात्र नभै एकान्त मन, वनपाखा र सुन्दर वातावरणमा भिज्न सक्ने प्रतिभावान भण्डारीले अर्जुन दृष्टिमा साहित्य पर्वलाई अंगाले । मंसिर २५ गतेको वसाइले पुष १३ गते कार्यक्रम गर्ने भनिए पनि पुस २० गते शनिवार गर्ने निर्णयले सार्थक पायो । विवाह मण्डपमा दुलही झैं सजीएकी वडा नं १३ शव्दका गुच्छले साहित्य पर्वको सूचना पुष १५ गतेवाट सामाजिक सञ्जालमा पोष्ट भए । कार्यक्रम संयोजक भण्डारीको लामो समयदेखी वडा नं १३ मा डा.अभि सुवेदी ल्याउने धोको पुरा गर्‍यो साहित्य पर्वले । डा. सुवेदीको कान्तिपुर दैनिक पत्रिकामा लेख आज भन्दा १५ वर्ष अघिदेखी प्रकाशन भएको थियो। सुवेदीको लेख पढेपछि हरेक पाठकलाई चुम्बक झै तान्थ्यो। साहित्यिक गतिविधिहरु, कृतिहरु र साहित्यको महत्वपूर्ण पाटोहरुको सम्मान र उत्सव मनाउने उद्देश्यले संचालन गर्न लागिएको वडा



नं १३ का वडा अध्यक्ष किरण वरालले पोखरापत्रलाई वताए। वडा नं १३ मा पहिलो पटक भएको साहित्य पर्वले साहित्यकारहरुको योगदानको कदर हुने र साहित्यको महत्वबारे जनचेतना फैलिन सहयोग पुग्ने उद्देश्यले कार्यक्रम गरिएको बरालले भने । पुष फास फुस नभै वडा नं १३ ले विभिन्न श्रष्टा साहित्य अनुरागी निमन्त्रणा गरेर पुष २० लाई सदैव दिमागी पानमा टाँसिदियो। साहित्य पर्व सुरुवाती नै कार्यक्रम संयोजक राजेन्द्र भण्डारीले लोक कवि अलिमियाँको गीत आकाशमा बादलु डम्मै छ, मनमा के छ भन्ने सम्मै छ भन्ने गीत गाएर सुरु गरे । उपस्थित सवैलाई आफ्नो स्वर्ण मुखारवाट मिठा वाणीहरु पस्केर वडा नं १३ कि वडा सदस्य सुचित तामाङले स्वागत मन्तव्यवाट मन्त्रमुग्ध पारिन्।

स्वागतका गुच्छा सकिन नपाउँदै प्रमुख अतिथि डा अभि सुबेदीले वर्तमानले देखेको र भविष्यले चाहेको साहित्यको सम्बन्धमा छर्लङ्ग पारे । एक पछि अर्को गर्दै पहिलो शेसन समाज रूपान्तरणमा साहित्यको भूमिका विषयमा साहित्यकार सरूभक्तसँग पत्रकार भरत कोइरालाको भलाकुसारी गरे । वडा नं १३ मा भएको पहिलो साहित्यलाई थप रौनक थप्न वडा १३ को इतिहास, वर्तमान र भविष्य विषयमा पत्रकार प्रकाश ढकाल र विश्व सिग्देलविच व्यापक छलफल भयो । लगातार तेस्रो शेसनमा नारीका स्वारहरुमा सहित्यकार सरस्वती श्रेष्ठको संयोजनमा राष्ट्रिय र स्थानीय तहका कविताहरु वाचन भए । चौथो शेसनमा वडा नं १३ मा जन्मनुभएका लोककवि अलिमियाँका लोकगीत तथा कवि तीर्थ श्रेष्ठका केही कविता शीर्षकमा पत्रकार शोभाकान्त सिग्देलले कवि श्रेष्ठसँग मियाँको चर्चा परिचर्चा गरे । अन्तिम शेसनमा पत्रकार दुर्गा अधिकारीले बाबा राणासँग सांगतिक जीवनको यात्रा बारे संवाद गरिन् । त्यसैगरी वडा १३ बस्ने गायक गायिक, ज्यापर क्रमश सलोमी गरुङ र जेनिश क्षेत्रीले उपस्थित सवैलाई मन्त्रमुग्ध पारे। कार्यक्रम स्थल वरिपरि कृपा श्रेष्ठ, मनोज गुरुङ, जीत गुरुङ र नारायणप्रसाद बरालले चित्र कोरेर नै सहभागी सबैलाई अफ्नो कला तर्फ आकर्षण गरे।

पोखरा महानगरपालिकाको वडा नम्बर १३ धार्मिक, ऐतिहासिक, भौगोलिक र जातीय हिसाबले फूल झै सजिएको वडा हो । शैक्षिक एवम् साहित्यिक गतिविधिमा समेत यो वडाको अग्रपंत्तिमा देखिन्छ। यही भूमिमा जन्मेका अलिमियाँले आफूलाई लोककविका रूपमा चिनाए । उता पोखराको पहिलो पत्रकारको रुपमा जगन्नाथ सिग्देलले पहिलो पत्रिका हिमदुत प्रकाशन गरी शिक्षाको ज्योति फैलाउन सफल भए। त्यसैगरी आँसु कविका रुपमा ठाकुर सिग्देल । पृथ्वीनारायण म्याम्पसको संस्थापक सदस्यको रुपमा रमेशकान्त सिग्देललाई यस भूमिले विर्सन सक्दैन। भद्रकाली माविलाई जग्गादान दिने टेकवहादुर ढेवाजू र कृष्णप्रसाद ढेवाजू परिवार पोखरामा नै चिरपरिचित बन्न पुगे । त्यसैगरी वडा नं १३ मा बसोबास गर्ने गुरुङ, नेपाली, विश्वकर्मा, विभिन्न समुदाय, भाषाभषी लगायत विभिन्न जातजातिहरुले वडा विकास गर्नमा आ-आफ्नो तरिकाले सक्रिय भुमिका खेलेका छन्।

पोखराकै पुरानो मध्येको भद्रकाली मावि होस् या अरण्यज्योति पुस्तकालय, जामे मस्जिद अक्सा, कमलपोखरी रामसार क्षेत्र, महाप्रभुधाम, मणिदीप, भद्रकाली मन्दिर, यिनीहरूले वडालाई चिनाउन गहन भुमिको खेलेको छ ।

साहित्य समाजको आत्मा हो भने समाज त्यसको शरीर हो। तसर्थ समाजको विकासमा साहित्यको योगदानलाई कदापि बिर्सन सकिँदैन । साहित्यका सुगन्धित वासनालाई यस क्षेत्रका जनजनमा पुऱ्याउने दायित्व समयले आज हामीलाई सुम्पेको छ। यस साहित्य पर्व सुरुवातीले समाजमा योगदान पुऱ्याउँछ भन्ने विश्वास हामीले राखेका थियौं। शब्दसँगको आत्मीयतामा नै साहित्य र संस्कृतिलाई प्रोत्साहन गराउनु एक कदम बढाई हो। यिनै शब्दका विविध आयामलाई जीवितता बनाउन शब्दसँग भलाकुसारी गर्दै साहित्य पर्व-२०८१ भव्य र सव्य रुपमा सम्पन्न भएको छ। कार्यक्रमले केवल साहित्यकारहरूको आगमन मात्र नभई समाजलाई साहित्य र संस्कृतिप्रति उत्साही बनाउँदै वडा मा रहेका स्थानीयहरुको प्रतिभा प्रस्फुटित गर्नु सँगै भविष्यमा वडाले अझै स्थानीयलाई नै पहिलो प्रोत्साहन दिनुको विकल्प पनि छैन। यस कार्यक्रमले यस क्षेत्रलाई स्थानीय र राष्ट्रिय क्षेत्रमा ध्यान आकर्षित गरेको अन्य क्षेत्रलाई समेत यस किसिमको कार्यक्रम गर्न प्रेरणा प्रदान गर्ने विश्वास लिएका छौ । शब्दको विन्यासबाट नव निर्माण गर्ने अभियानमा सम्पूर्ण वडावासीहरुको साथ, सद्भाव र सहयोगबाट कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न भएको र आगामी वर्षमा अझ परिष्कृत गरेर अगाडि वढ्नु पर्ने देखिन्छ। पहिलो कार्यक्रममा उपस्थित सबै आफन्तजनहरुको प्रेरणा मिलेको छ।

# आहा ! रारा पोखरा गोल्ड कपको उद्घाटन खेलमा पुलिसको विजयी सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, २२ माघ

पोखरामा मंगलबारदेखि सुरु भएको आहा! रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको उद्घाटन खेलमा नेपाल पुलिस क्लवले विजयी सुरुवात गरेको छ।

पोखराको सहारा क्लवको आयोजनामा पोखरा रंगशालाको फुटवल मैदानमा आज भएको उद्घाटन खेलमा पुलिसले आयोजक सहारा क्लवलाई १–० को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको हो । पुलिसको जितमा खेलको ३६ औं मिनेटमा उज्वल राईले गोल गर्नु भयो । उहाँले प्रहार गरेको कर्नर बल सिधै गोलमा परिणत भएको थियो । दोश्रो बार च्याप्दै प्रहार भएको उक्त वल सहाराका गोलरक्षक सन्तोष महतले बचाउन सक्नुभएन् । ३ विदेशी सहित सहारा एकेडेमीका खेलाडीहरु समेटेर मैदानमा उर्त्रिएको सहाराले पाएका केही अवसरलाई सदुपयोग गर्न नक्दा पहिलो चरणबाटै बाहिरनु पर्‍यो। खेलमा उज्वल राई नै म्यान अफ दी म्याच घोषित हुनु भयो।

बुधबारदोश्रो खेल शसस्त्र प्रहरी बलको एपिएफ क्लव र मच्छिन्द्र क्लव बिच खेल हुने प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो । २४ औं संस्करणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको पोखराका मेयर धनराज आचार्यले उद्घाटन गर्नु भयो । कार्यक्रममा बोल्दै उहाँले पोखरासंग चाइना सहित १४ वटा विभिन्न देशका शहरहरुसंग भगिनी सम्बन्ध भएको उल्लेख गर्दै पोखराको विकासमा सहकार्य गर्न सकिने जनाउनु भयो। फागुन ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा ३ विदेशी सहित १२ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । प्रतियोगितामा बिजेतालाई १२ लाख र उपविजेतालाई ६ लाख पुरस्कार प्रदान गरिने भएको छ। 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवा गरौं' भन्ने उद्देश्यका साथ २०५५ सालमा स्थापित सहारा क्लब पोखराले फुटबल मार्फत सामाजिक कार्य गर्दै आएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो। हिमश्री फुड्सका निर्देशक प्रकाश केसीले आहा रारा गोल्ड कपलाई सफल पार्न सबैल सहयोग गर्नुपर्ने बताउनु भयो । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# उपभोक्ता अदालत

उपभोक्ता अधिकारकर्मीको दबाबपछि सरकारले उपभोक्ता अदालत गठन गरेको छ। उपभोक्ता अदालतको उपभोक्ता ऐनमा व्यवस्था छ । सरकारले ढिलै भएपनि उपभोक्ता अदालत गठन गरेर राम्रो काम गरेको छ । उपभोक्ता संरक्षण ऐन २०७५ ले हरेक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। ऐन अनुसार उत्पादक आफूले उत्पादन गरेको वस्तुमा अनिवार्य लेबल लगाउनुपर्छ । त्यसमा तोकिए अनुसार विवरण उल्लेख गर्नुपर्छ।

यस ऐन अनुसार वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट लुकाइ, ढाँटी वा झुक्याइ त्यस्ता वस्तु वा सेवा बिक्री गर्न पाइँदैन। भ्रमपूर्ण विज्ञापन गर्न पाइँदैन। तोकिएभन्दा बढी मुनाफा लिएर बिक्री वितरण गर्न पाइँदैन। त्यस्तै मूल्यसूची अनिवार्य राख्नुपर्छ । तोकिएको मापदण्ड अनिवार्य पालना गर्नुपर्छ। ऐन अनुसार अदालतको अधिकार क्षेत्र प्रयोग सबै सदस्यले सामूहिक रूपमा गर्न सक्ने छन् । तर, कम्तीमा एक जना सदस्य उपस्थित रहेको इजलासले मुद्दाको थुनछेक बाहेक अन्य कार्यविधिगत कारबाही र दुई जना सदस्य उपस्थित भएको इजलासले थुनछेक लगायत अन्य जुनसुकै कारबाही गर्न सक्ने गरी तोकिएको छ।

मुद्दामा तीन जना सदस्यकै फरक राय आयो भने अध्यक्षको राय बमोजिम र मुद्दाको निर्णय वा अन्तिम आदेश वा निर्णय नभएको विवरणसहित सम्बन्धित उच्च अदालतमा पठाउनुपर्ने छ । यस अदालतको निर्णयमा चित्त नबुझे ३० दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिने प्रावधान समेत छ। यस ऐन अनुसार आफूलाई हानि नोक्सानी पुगेको मितिले ६ महिनाभित्र उजुरी गर्न सकिने प्रावधान छ । उपभोक्ताको मृत्यु भइसकेको अवस्थामा हकवालाले समेत उजुरी दिन सक्छन् । उपभोक्ता अधिकार मानवअधिकारको रुपमा लिइन्छ।

उपभोक्ता अदालत गठन गर्ने मन्त्रिपरिषद्को निर्णय काठमाडौं उपत्यकालाई मात्र छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले हाललाई काठमाडौं उपत्यकामा उपभोक्ता सरोकारसम्बन्धी मुद्दाहरू हेर्नेगरी उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको सरकारका प्रबक्ता संचार तथा सूचना प्रबिधि मन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिएका छन । १२ कार्तिकमा न्याय परिषद्ले काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई अध्यक्ष तोकेर उपभोक्ता अदालत गठनको सिफारिस गरेको थियो । उक्त अदालतको सदस्यमा सर्वोच्च अदालतका उपरजिष्ट्रार गेहेन्द्रराज रेग्मी रहनेछन् । उनी हाल विशेष अदालतमा कार्यरत छन् ।

उपभोक्ता अदालतले हाललाई तीनवटा मुद्दा हेर्ने बताइएको छ । उपभोक्तालाई हानी पुगेको हकमा क्षतिपूर्तिको मुद्दा, उपभोक्ता संरक्षण ऐन बमोजिमका कसुरका मुद्दा र सरकारले तोकेका उपभोक्ता हित सरोकारका अरु मुद्दा उपभोक्ता अदालतले हेर्नेछ। उपभोक्ता अधिकार मानवअधिकार भएको हुँदा अब देशका सबै भूगोलका जनताले पनि पाउनुपर्छ ।उपभोक्ता नठगिने र गुणस्तरीय बस्तु तथा सेवा पाउने वातावरण बनाउन उपभोक्ता अदालत गठन सहयोगी हुने आशा गर्न सकिन्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायिद्धारा शैक्षिक सामग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

नेपाल पुस्तक तथा स्टेसनरी व्यबसायि महासंघ गण्डकीले स्याङ्जाको एक विद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ।

महासंघ गण्डकीले सोमबार १२ औं रास्ट्रिय पुस्तक दिवस तथा सरस्वती पुजाको अवसर पारेर स्याङ्जाको आँधीखोला-५ स्थित प्रधुम्न पनेरु मा.बि.लाई शैक्षिक सामग्री हस्तान्तरण गरेको हो। आँधीखोला गाउँपालिका प्रमुख विश्व पौडेल, प्रधुम्न पनेरु मा.बि. बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष खेमनारायण देबकोटा र प्रध्यानाध्यापक दिप्तिनारायण शर्माको रोहवरमा विद्यार्थीलाई पाठ्य पुस्तक, कापी, कलम, खेलकुदका सामग्री,बालकथा सहितका शैक्षिक सामाग्री हस्तान्तरण गरिएको थियो । कार्यक्रमकोप्रमुखअतिथीसमेतरहनु भएका आँधीखोला गाउँपालिका प्रमुख पौडेलले कार्यक्रमको शुभारम्भ गर्दै पुस्तक तथा स्टेसनरी व्यवसायीले समाजमा गरेको ज्ञान बाढ्ने सेवामुखी व्यवसाय प्रशंम्सा योग्य रहेको बताउनुभयो ।उहाँले नेपाल पुस्तक तथा स्टेसनरी व्यबसायि महासंघ गण्डकी प्रदेश सामाजिक क्षेत्रमा समेत अग्रसर




भएकोमा खुसी व्यक्त गर्दै आफ्नै गाउँपालिकाको बिद्यालयलाई शैक्षिक सामग्री हस्तान्तरण गरेर विधार्थीहरुको पठन संस्कृतिको विकासका लागि टेवा पुर्याउने काम गरेकोमा आभार व्यक्त गर्नुभयो।

महासंघ गण्डकी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद पोखेलले आफुले अध्ययन गरेको बिद्यालयमा शैक्षिक सामग्री हस्तान्तरण गर्न पाउदा खुसि लागेको बताउनुभयो । उहाँले आँधीखोला गाउँपालिकाका सामुदायिक बिद्यालयहरू मर्ज गरि प्रयाप्त शिक्षकहरुद्वारा विद्यार्थीहरुको पढाइ सञ्चालन गनुपर्नेमा जोड दिनुभयो। अध्यक्ष पोखरेलले आगामी दिनहरूमा बिद्यालयका शैक्षिक सुधारका कार्यक्रममा सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद पोखेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रथम उपाध्यक्ष रामचन्द्र नेपालले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको संचालन सह-सचिव सुरेन्द्र बास्तोलाले गर्नुभएको थियो । कार्यक्रममा आँधीखोला गाउँपालिका उपाध्यक्ष सीता थापा, वडाध्यक्ष कृष्ण पनेरु, शिक्षा प्रमुख लक्ष्मी सापकोटा, नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ गण्डकी प्रदेशका सदस्य दुर्गादत्त आचार्य, टंक ढकाल, रमेश पौडेल, महासंघ कास्कीका निवर्तमान अध्यक्ष कविन्द्र प्रसाद पोखरेल, महासंघ कास्कीका कोषाध्यक्ष प्रकाश प्रसाद पोखेल लगायत विद्यालयका शिक्षक, कर्मचारी एवं विद्यार्थीहरुको उल्लेख उपस्थिति रहेको महासंघ गण्डकी प्रदेशका सहसचिव सुरेन्द्र बास्तोलाले जानकारी दिनुभयो।

# हाइवे गार्डेन बोडिङ्ग स्कूलको ३० औ बार्षिकोत्सब

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ माघ

पोखरा महानगर पालिका वडा नं ३२ तल्लो गगनगौडा मा अवस्थित हाइवे गार्डेन बोडीग स्कूलले मंगलबार एक भव्य रुपमा गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयका उप सचिव श्री भोजराज न्यौपानेको प्रमुख आतिथ्यमा आफ्नो ३० औ बार्षिक उत्सब सम्मपन्न गरेको छ।

प्रमुख अतिथि न्यौपानेले उक्त कार्यक्रममा बोल्दै विद्यार्थी , शिक्षक, अभिभाबक, व्यवस्थापन का साथै प्रशासनिक चारै पछ सबल रहेमा विद्यालय ले छिट्टै गति लिन सक्ने बताउँदै अबको शिक्षा पढ्दा थाकिने हैन् , पढ्दा थकाइ मेटिने तरिकाले पठनपाठन गर्नु पर्ने कुरा बताउनु भयो । २०८० सालको क्भ्भ परीक्षामा लेखनाथ क्षेत्रकै एक उत्कृष्ठ विद्यालय बन्न पुगेकोमा विद्यालय लाई धन्यबाद ज्ञापन गर्दै आउँदो वर्ष जिल्लामा नै उच्च स्थान राख्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

विशिष्ठ अथिति शिक्षा महाशाखाका वरिष्ठ अधिकृत बद्री नाथ सुवेदीले ३० वर्ष अगाडि स्थापित यस विद्यालयले यस क्षेत्रमा शिक्षा क्षेत्रमा ठूलो योगदान पुर्याएको चर्चा गर्दै अभीभाबक ज्यूहरुलाई आफ्ना नानी बाबु को पठनपाठनमा जोड दिन आग्रह गर्नु भयो। आफू यसै क्षेत्रको निरीक्षक रहेको र यस विद्यालयले २०८० को क्भ्भ परीक्षाको नतिजा मा अब्बल स्थान प्राप्त गर्न सकेको कुरा राख्दै



, आफ्ना नानिबाबुहरुलाई यस विद्यालयमा ल्याई नानी बाबुको उज्जल भविष्य तर्फ सोच्न आग्रह गर्नु भयो। सुवेदीले वर्तमान शिक्षा मा धेरै नयाँ र परिमार्जित कुराहरू आएकाले त्यही अनुसार शिक्षकहरू पनि परिमार्जित हुँदै जानु पर्ने कुरा व्यक्त गर्दै आउँदा दिनमा अझ विद्यालयले प्रगति गर्दै जाओस् भनी शुभकामना व्यक्त गर्नु भयो । कार्यक्रम पोखरा महानगर पालिका का वडा ३२ का बड़ा सदस्य शोभा वि क ले आफ्ना नानीबाबीहरु यसै विद्यालयमा अध्यायन गरी वर्तमान अवस्थामा पनि पढाइमा अब्बल रहेको मा खुशी व्यक्त गर्दै आउँदा दिनमा पनि आफ्नो तर्फ बाट सक्दो सहयोग गर्ने र अभिभावक लाई यसै विद्यालयमा आफ्ना नानी बाबुलाई पढाउन आग्रह गर्नु भयो। कार्यक्रम मा डायमन्ड बो स्कूलका प्रिन्सिपल याम बहादुर रोका, यस विद्यालयबाट हाम्रो विद्यालयमा ११/१२ पढ्न आएका विद्यार्थी को स्थान उच्च रहेको कुरा व्यक्त यस हाइवे गार्डेन बोडीन स्कुल अत्यन्त उच्च रहेको बताउँदै विद्यालयको प्रगतिको शुभकामना व्यक्त गर्नुभयो। कार्यक्रममा अभभिभबाक गौरी थापा ,समाजसेवी मोहन प्रधान, लगाएका वक्ताहरुले विद्यालयको प्रगति बारे चर्चा गर्दे शुभकामना व्यक्त गर्नु भयो। विद्यालयका प्राचार्य भरत कुमार शेष्ठले विद्यालयको प्रतिवदेन प्रस्तुत गर्नु भएको थियो । उक्त अवसरमा क्भ्भ परीक्षा उत्तीर्ण विद्यार्थी हरुलाई सम्मान गरिएको थियो ! यस विद्यालयको २०८० को क्भ्भ परीक्षामा सर्वैकृथ्ठ नतिजा (३.९० ) प्रात्त गरेकोमा उनलाई दोसल्ला समेत ओडाएर सम्मान गरिएको थियो । कार्यकममा शिक्षकलाई समेत सम्मान गरिएको थियो । विद्यालयको विभिन्न अतिरिक्त क्रियाकलपहरूमा बिजयी छात्र छात्राहरुलाई पुरस्कार तथा ट्रर्फी वितरण गरिएको थियो । विद्यालयका संचालक समिति अध्यक्ष युवराज खनालको अध्यायमा भएको उक्त कार्यक्रम को सञ्चालन शिक्षक हरी कृष्ण वाग्ले ले गर्नु भएको थियो।

# प्रेस सेन्टर गण्डकीमा काफ्ले चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

प्रेस सेन्टर नेपाल गण्डकी प्रदेशको अध्यक्ष पदमा स्याङ्जाका अर्जुन काफ्ले सर्वसम्मत निर्वाचित हुनुभएको छ। उहाँ यसअघि पनि अध्यक्ष हुनुहुन्थ्यो।

पोखरामा आज सम्पन्न तेस्रो अधिवेशनबाट खुला उपाध्यक्षमा सन्तोष गौतम, समावेशी उपाध्यक्षमा सन्देश श्रेष्ठ र महिला उपाध्यक्षमा सविना राना सर्वसम्मत निर्वाचित हुनुभएको निर्वाचन समितिका सदस्य विभु भुसालले जानकारी दिनुभयो। महासचिवमा गुणबहादुर रोका, सचिव (दलित) सानेबहादुर नेपाली, जनजाति सचिवमा दानबहादुर गुरुङ, सचिवमा सुरेश अधिकारी, खुला सचिवमा अग्निधर लुइँटेल र कोषाध्यक्षमा श्रीभद्र पौडेल चयन हुनुभएको हो।

सदस्यहरूमा सविता शर्मा, सन्तोष परियार, राजकुमार छत्कुली, राजबाबु पिसी, बिमल आचार्य, फणिन्द्र अधिकारी, रवि दाहाल, लक्ष्मण दङ्गाल, चिरञ्जीवी पौडेल र पूर्णभद्र निउरे सर्वसम्मत हुनुभएको हो । नवनिर्वाचित कार्यसमितिको कार्यकाल तीन वर्षको रहेको छ।

# मुटु सम्बन्धी निशुल्क स्वास्थ्य शिविर हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ माघ

पोखराको बाटुलेचौरमा मुटु सम्वन्धी निशुल्क स्वास्थ्य शिविर हुने भएको छ।

पोखराकै अग्रणी सामाजिक संस्था हिमालय क्लवको आयोजनामा आगामी फागुन ३ गते शिविर संचालन हुन लागेको क्लवका अध्यक्ष मोहन थापाले जानकारी दिनुभयो । जयन्ती मेमोरियल ट्रष्ट र मातृशिशु मितेरी प्रादेशिक अस्पतालको सहयोगमा हुने शिविरमा सुगर प्रेसर सहित निशुल्क ईको र ईसिजी सेवा प्रदान गरिने कार्यक्रम संयोजक शिवराज देवकोटाले बताउनु भयो। शिविरमा कादियोलोजिष्ट डा मनोज कोईराला, कन्सल्टेन्ट फिजिसियन डा सुनिल गौतम, डा विवेक लामिछाने र डा विज्ञान लामिछानेको टोलीले सेवा प्रदान गर्ने संयोजक देवकोटाले जानकारी दिनुभयो।

बाटुलेचौरस्थित कालिका भवनमा हुने शिविरको आन्तरिक तयारी शुरु गरिएको बताईएको छ । शिविरको व्यवस्थापन गर्न देवकोटाको संयोजकत्वमा क्लवका पुर्व अध्यक्ष सुशील वस्नेत र सुन्दर थापा सदस्य रहनु भएको छ।

समितिले मुटु सम्वन्धी निशुल्क स्वास्थ्य शिविरमा सहभागी भई सेवा लिन आग्रह समेत गरेको छ। क्लवले यस अधि पनि निशुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो।

# अनाथ तथा विपन्न छात्रछात्राका लागि छात्रवृत्ति अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पर्वत, २२ माघ

यहाँको रघुगङ्गा गाउँपालिका-२ र ३ राखु भगवती, पिप्ले क्षेत्रका सामुदायिक विद्यालयमा अनाथ तथा विपन्न छात्रछात्राका लागि छात्रवृत्ति दिन रु सात लाखको अक्षयकोष स्थापना गरिएको छ।

रघुगङ्गा गाउँपालिका-२ भगवती घर भई हाल बेलायतमा बसोबास गर्दै आउनुभएका खिमबहादुर क्षेत्रीले यहाँका १० वटा सामुदायिक विद्यालयमा उक्त अक्षयकोष स्थापना गर्नुभएको हो । माध्यमिक विद्यालयहरू ज्ञानोदय मावि, रघुगङ्गा मावि, मुक्तिधाम मावि र कक्षा ८ सम्म पठनपाठन हुने सिद्धार्थ ज्ञानमन्दिरमा रु एक/एक लाख राशिको अक्षयकोष स्थापना गरिएको छ। त्यसैगरी, हिमालय आधारभूत, मालिका आधारभूत, अमरसिंह आधार भूत, अन्नपूर्ण आधारभूत, देउराली आधारभूत र धौलागिरि आधारभूत विद्यालयमा रु ५० /५० हजार राशिको अक्षयकोष स्थापना गरिएको छ । अक्षयकोषदाता क्षेत्रीले आइतबार गाउँपालिकाको केन्द्र मौवाफाँटस्थित प्रभु बैङ्कमार्फत सम्बन्धित विद्यालयको मुद्दति खातामा जम्मा हुनेगरी अक्षयकोष रकम हस्तान्तरण गर्नुभएको छ। सो अवसरमा अक्षयकोषदाता क्षेत्री रविद्यालयकाप्रधानाध्यापकहरूबीच अक्षयकोष परिचालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । कोषको ब्याज रकमबाट वार्षिक रूपमा विद्यालयका अनाथ र विपन्न छात्रछात्राहरूलाई छात्रवृत्ति प्रदान गरिने जनाइएको छ।

ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययनरत अनाथ तथा विपन्न छात्रछात्राहरूको शिक्षामा सहज पहुँच पुऱ्याउने उद्देश्यले अक्षयकोष स्थापना गरेको क्षेत्रीले बताउनुभयो । उहाँले यसअघि ज्ञानोदय माविमा सञ्चालित दृष्टिविहीन स्रोत कक्षाका लागि समेत रु ५० हजारको मुद्दति कोष स्थापना गर्नुभएको थियो।

# जोखिमयुक्त झोलुङ्गे पुलमार्फत यात्रा गर्न बाध्य भक्तजन

**पोखरापत्र संवाददाता**
धवलागिरी, २२ माघ

प्रसिद्ध धार्मिकस्थल देवघाटधाममा एकमहिने महामहोत्सव चलिरहेको छ। महामहोत्सव लागेसँगै भक्तजनको आगमन बढ्दो छ। भीड बढेपछि जीर्ण अवस्थामा पुगेको झोलुङ्गेमार्फत आवतजावत गर्न भक्तजन बाध्य भएका छन्।

तनहुँको देवघाट गाउँपालिका र चितवनको भरतपुर महानगरपालिका जोड्ने त्रिशूली नदीमाथिको झोलुङ्गे पुलबाट आवतजावतमा समस्या हुनाका साथै जोखिममा यात्रा गर्न भक्तजन बाध्य छन् । भीड धेरै हुँदा पुल चुँडिने जोखिम भएपछि आवतजावतका लागि सीमा तोकिएको छ। भक्तजनको भीडका कारण तोकिएको सीमा पार हुने गरेको स्थानीय बताउँछन्। जोखिम न्यूनीकरणका लागि एक पटकमा १०० जना मात्र आवतजावत गर्न स्थानीय प्रशासनले अनुमति दिएको छ। भीड बढी हुँदा अनुमति कार्यान्वयनमा आउन मुस्किल भएको छ । जोखिमबाट बच्नका लागि पुलको दुवैतर्फ प्रहरी परिचालन गरिएको छ । जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा त्रिशूली नदीमा रहेको ४४ वर्ष पुरानो उक्त झोलुङ्गे पुलमा तीर्थयात्रीको चाप बढ्दा जोखिम भएकाले सीमा निर्धारण गरिएको उल्लेख गरिएको छ। उक्त पुलमा वारपार गर्न नियन्त्रित रूपमा एक पटकमा १०० व्यक्तिमात्रै आवतजावत गर्ने र मोटरसाइकल पूर्ण रूपमा बन्द गर्ने व्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालयसहित सबै सरोकारवालालाई निर्देशन दिइएको छ । सस्पेन्सन बृज डिभिजन पुल्चोक ललितपुरले सोमबार जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाउँदै उक्त पुल तथा सर्वसाधारण यात्रुको सुरक्षाका लागि पुलमा सावधानीका सबै उपाय अवलम्बन गर्न अनुरोध गरेको थियो। सो ठाउँमा मोटरेबल पुल नहुँदा भक्तजन अझै पनि झोलुङ्गे पुलमार्फत यात्रा गर्न बाध्य भएका छन्। वर्षौंअघि देखि मोटर चल्ने पुलको माग राखे पनि सुनुवाइ नहुँदा भक्तजन बढ्दाको समयमा समस्या भएको तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताउनुभयो । माघेसङ्क्रान्ति मेला लाग्ने बेलामा मात्रै समस्या आउने गरेको जीर्ण अवस्थामा पुगेको झोलुङ्गे पुलको यात्रामा अहिले अझ जोखिम बढेको उहाँले बताउनुभयो।

"देवघाटधाममा भक्तजनको हिन्दू धर्मावलम्बी आउने स्थान हो, सहज हुने गरी झोलुङ्गे पुल भएकै स्थानमा मोटरेबल पुलको आवश्यकता छ", अध्यक्ष थापाले भन्नुभयो, "अकल्पनीय घटना नघटोस् भनेर पटक पटक सम्बन्धित निकायसमक्ष यस स्थानमा मोटरेबल निर्माण गर्न माग गरिरहेका छौं, तर हाम्रो मागको सुनुवाइ भने भएको छैन।"

